# किरात पारिबुङको सांस्कृतिक अभ्यास

**निर्कुधन राई**

<nirkurai@hotmail.com>

## लेखसार

*पारिबुङ भन्नाले विभिन्न कार्यक्रमस्थल सजावट गर्न टाँगिने कपडा/कागजको झन्डा वा तोरन भनेर बुझिन्छ । किरात थुलुङ राई भाषामा 'पारी' भनेको खुला आकाश (पारी = खुला आकाश), 'बुङ' भनेको फूल (बुङ = फूल) अर्थात् सिधा भाषामा पारिबुङ भन्नाले खुला आकाशमा झुन्डाइएको फूल भन्ने अर्थ लाग्दछ । त्यसै गरी देवा (मुन्दुमी पुजारी) वा नोक्छो (धामी) हरूले धार्मिक/सांस्कृतिक अनुष्ठानको अवसरमा शिरमा सिरीपेचको रूपमा लगाउने सांस्कृतिक पहिरनलाई पनि थुलुङ राई भाषामा पारिबुङ नै भन्ने गरिन्छ । सबै भाषिक राई समुदायका देवा र नोक्छोले शिरमा पारिबुङ लगाएर सांस्कृतिक अनुष्ठान कार्य गर्दछन् यसर्थ पारिबुङ किरात संस्कार संस्कृतिका अभिन्न अङ्ग हो । पारिबुङविनाको किरात संस्कार सस्कृति अधुरो अपुरो रहन्छ । यति धेरै महत्त्व बोकेको पारिबुङको विषयमा यस लेख भन्दा अगाडि कुनै अध्ययन अनुसन्धान भएको पाइँदैन । यसकारण पारिबुङको इतिहास, यसको सांस्कृतिक अभ्यासलाई अध्ययन गर्ने उदेश्यका साथ किरात थुलुङ राईहरूको सघन बस्ती रहेका सोलुखुम्बु जिल्ला, थुलुङ दुधकोसी गाउँपालिका अन्तर्गतका गाउँहरू लोखिम, मुलिदेल, पन्चन र खोटाङ जिल्ला, ऐसेलुखर्क गाउँपालिकाका रिब्जुङ गाउँलाई अध्ययन क्षेत्र छनौट गरेर किरात राई समुदायले प्रयोग गर्दै आएका सांस्कृतिक बिम्बहरूका इतिहास र सामाजिक मान्यताबारे अध्ययन गरिएको छ । अध्ययनको क्रममा देवा, नोक्छो तथा किरात राई समुदायका अग्रज व्यक्तित्वहरूलाई स्रोतको रूपमा लिइएको छ । यसै गरी हलेसी तुवाचुङ नगरपालिका वडा नम्बर ५ का सामाजिक अभियन्ता तिलक चामलिङ राईसँग पटकपटक पारिबुङको इतिहास, यसको महत्त्वबारे छलफल भएको छ । अध्ययनको क्रममा ज्ञानको स्रोतको रूपमा छनौट गरिएका व्याक्तित्वहरू किरात मुन्दुम र सभ्यताका ज्ञाता भएकाले पारिबुङको विषयमा गरिएको स्थलगत अन्तरर्वार्ताबाट प्राप्त सबै जनाकारीहरू विश्वास योग्य छन । सामूहिक छलफल र स्थललगत अन्तरर्वार्ता नै यस लेखको अध्ययनविधि हो । यसको अतिरिक्त विभिन्न देशका राष्ट्रिय झन्डा, धार्मिक तथा सङ्घ सस्थाहरूको झन्डाको इतिहास र तिनका अर्थ पनि यस लेखको अध्ययन विधिमा समावेश गरिएको छ ।*

**शब्दकुञ्जीः** लिङहवाल, सिमुलाम राप्मा, कुयासाम्बा, द्युप्च्यु होल्मु, वायलुङमा

## विषयपरिचय

मनोकामना पूरा हुने विश्वासका साथ विभिन्न सांस्कृतिक कार्यक्रमहरूमा या वनभोज आदिमा उच्च  र पवित्र स्थानहरूमा पारिबुङलाई टाँगिने गरिन्छ । पारिबुङमा ३ किसिमका रङ्गहरू मा ६ वटा किरात सांस्कृतिक बिम्बहरू प्रयोग हुन्छन । ३ किसिमका रङ्गहरू उभौली, उधौली, शान्ति र सहअस्तित्वको प्रतीक हुन् । र ६ वटा सांस्कृतिक बिम्बहरू किरात सभ्यता, संस्कार सस्कृतिका चिन्ह हुन । बुद्धिष्ट दर्शनअनुसार जिवन र वनस्पतिको पहिलो आधार पञ्च तत्व हो (Sharma,

2024) भन्ने अकाट्य सत्यलाई आत्मासात् गर्दै किरात दर्शनमा थप तत्वको मान्यता रहेको छ जुन पितृतत्व हो । यसर्थ किरात दर्शनअनुसार जीव र वनस्पतिले यस जगत्मा अस्तित्व पाउनको लागि षष्ठी तत्व अपरिहार्यता छ ।

किरात दर्शनमा पञ्चतत्वहलाई प्रकृतिको रूपमा पुजिन्छ र पितृतत्वलाई तोसी/साकेला (उभौली, उधौली) को अवसरमा पुर्खाहरूको मृतात्मालाई सम्मानपूर्वक मुन्दुमी लयमा सम्बोधन गर्दै आशीर्वाद मागेर पुजिन्छ (मुकारूङ राई, २०८०) । किरात दर्शनअनुसार कुनै पनि जीव र वनस्पतिको अस्तित्व षष्ठी तत्वको संयोग हो । यिनै षष्ठी तत्वलाई प्रकृति र पितृ पूजाको नामले चिनिन्छ । पारिबुङलाई प्रयोग गर्नु भनेको प्रकृति र पितृको सम्मान गर्नु हो । पारिबुङमा प्रयोग भएका रङ्ग र बिम्बहरू षष्ठी तत्वको प्रतीक हुन् । पञ्चतत्वको बारेमा धेरै लेखहरू लेखिए पनि षष्ठी तत्व व्यवहार र बोलिचालिमा मात्र सीमित रहेको छ

## अध्ययनविधि

किरात थुलुङ राई समुदायको सघन बस्ती रहेको भूगोलको छनौट गरेर मुन्दुममा आधारित सांस्कृतिक बिम्बहरूको नामवली सङ्कलन गरी ती बिम्बहरूको सास्कृतिक इतिहास र महत्त्वको विषयमा मुन्दुमी अग्रज व्यक्तित्वहरूसित अन्तरवार्ता तथा व्यापक अन्तरक्रियात्मक छलफल गरिएको छ । यसको अतिरित्त धार्मिक समुदायको झन्डा, विभिन्न देशका सरकारी तथा गैरसरकारी झन्डाहरू अध्ययनको स्रोत मानिएको छ । पारिबुङको विषयमा अध्ययन अनुसन्धान गर्ने सिलसिलामा पारि बुङको पर्यायवाची शब्दको रूपमा झन्डा, ध्वज, लुङता, दार्चोग, तोरण, निशान जस्ता धेरै शब्दहरू पाइएको हुनाले ती शब्दहरूका उत्पत्ति, इतिहास र मान्यतालाई पनि अध्ययनको स्रोत मानिएको छ । झन्डाहरूको विषयमा अध्ययन गर्ने अवसरमा त्यसमा प्रयोग भएका बिम्बहरू, आकार प्रकार र रङ्गहरूको खोजमूलक अध्ययन विधि प्रयोग गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

पारिबुङ वा झन्डाको प्रयोग इसापूर्व ११ शताब्दी अर्थात् आजभन्दा करिब ३१ सय वर्ष अगाडिदेखि नै चाइनिजहरूले आआफ्नो समूहलाई चिनाउने माध्यमको रूपमा प्रयोग गर्न थालेका थिए । त्यस पछि पारिबुङको प्रयोग गर्ने संस्कृति इजिप्ट र रोम हुँदै युरोपसम्म फैलिएको थियो । उ बेला पारिबुङको प्रयोग आआफ्नो फरक सभ्यता, संस्कृति र समूहको चिनारीको रूपमा बिस्तार भएको पाइन्छ । मध्यकालको सुरूसम्म आइपुग्दा झन्डा संस्कृति मध्यपूर्व हुँदै दक्षिण एशियाको गंगाको मैदानसम्म आइपुग्यो । यसरी पारिबुङ प्रयोगको संस्कृति फैलिने क्रमसैगै भूगोल, सभ्यताको आधारमा विभिन्न रङ्ग, आकार प्रकारको पारिबुङ (झन्डा) बन्न थाल्यो ।

वर्तमान समयमा पारिबुङलाई देशको सार्वभौम सत्ता, इतिहास र पहिचानको प्रतीकको रूपमा व्याख्या विश्लेषण गरेको पाइन्छ । यसै गरी धार्मिक समुदाय, राजनीतिक दल, सरकारी तथा गैरसरकारी निकायहरू, व्यापारिक प्रतिष्ठानहरूले पारिबुङलाई आआफ्नो इतिहास, प्रतिष्ठाको रूपमा प्रयोग गर्दै आइरहेको विश्व व्यापी वास्तविकतालाई अध्ययन गर्दा किराती समुदायको पनि आफ्नै पहिचान बोकेको पारिबुङ प्रयोग गर्नुलाई सान्दर्भिक ठानिएको छ । जीव र वनस्पतिहरूको अस्तित्व पञ्चतत्वमा आधारित छ भन्ने विश्व मान्यता रहेको वर्तमान परिप्रेक्ष्यमा जीव र वनस्पतिको अस्तित्वको

लागि षष्ठी तत्व अपरिहार्य छ भन्ने फरक दृष्टिकोण बोकेको किरात दर्शनमा आधारित पारिबुङको अध्ययन सान्दर्भिक भएकाले यस लेखको सैद्धान्तिक आधार अत्यन्त बलियो रहेको छ ।

## पारिबुङको रङ्ग, अर्थ, संरचना र प्रयोग विधि

पारिबुङको रङ्ग, सांस्कृतिक बिम्बहरूको मुन्दुमीसम्बन्ध पारिबुङमा पहेँलो, हरियो र सेतो रङ्गहरू प्रयोग भएका छन् । ती ३ वटा रङ्गहरूमध्ये पहेँलो रङ्गको अर्थ उधौली र प्रकृति पूजक, हरियो रङ्गको अर्थ उभौली र पितृपूजक, सेतो रङ्गको अर्थ शान्ति सहअस्तित्व हो । किरात दर्शनअनुसार सम्पूर्ण जिव एवम् वनस्पतिको आधार प्रकृति र पितृ हुन् । ऋतु परिवर्तन सँगै किरात राईहरू प्रकृति र पितृ पुज्ने गर्दछन् । प्रकृति र पितृ पुज्ने विधिलाई तोसी, साकेला, वास, चासोक तङनाम, साकेन्वा, चासुवा, फोलस्याँदर, साखेवा आदि नामले पुकारिन्छ । किरात राई समुदायमा प्रकृति र पितृपूजा धेरै पटक भए पनि वर्षमास सुरू हुनअगाडि र वर्षमासपश्चात् गरिने तोसीलाई विशेष मानिन्छ । बोलचालको भाषामा यस तोसीलाई उभौली/उधौली भनिन्छ । उभौली तोसी वैशाष पूर्णिमाको दिन सुरू हुन्छ । सामान्यतया यी दुवै तोसी २ दिने हुन्छ तर क्षेत्र र भाषिक समुदायअनुसार ५ दिनदेखि १ महिनासम्म मान्ने प्रचलन छ । उभौली तोसीको अवसरमा मुन्दुमी पद्यात्मक लयमा प्रकृति र पितृबाट यसरी आशीर्वाद मागिन्छ ।

बेँसीबाट ङारकुवा (करयाङकुरूङ) लेक तर्फ उडेछ ।
अब गर्मी सुरू भएछ, खेतीपाती गर्ने समय भएछ ।।
आजबाट बुङतोसीसम्म खारीबुरी (खेतीपाती) मा समर्पित हुनेछौँ ।
हे प्रकृति र पितृ ! आशीर्वाद देऊ हामी प्रार्थना गर्नेछौँ ।।
(खोलोमे पञ्मान राईले थुलुङ भाषामा भन्नु भएको भावको नेपालीमा रूपान्तरण)

उल्लेखित वाक्यांशहरू अति मिठो लयात्मक भाकामा फलाकेर असोज महिनामा गरिने बुङ तोसीसम्मको लागि खेतीपातीमा समर्पित हुने वाचा प्रकृति र पितृसँग गरिन्छ । हे प्रकृती ! हे पितृ ! बुङ तोसीसम्म कुनै शुभ कार्य गर्ने छैनौँ, रूख विरूवा काट्ने छैँनौ, रूख विरूवालाई बढ्न दिनेछौँ, शिकार गर्ने छैनौँ, बुङतोसीसम्मको समय चराचरूङ्गी, जलचर, उभयचर, थलचर सबैको सन्तानोत्पादन गर्ने समय भएकाले हामी मानव समुदायले कुनै बाधा व्यवधान गर्दैनौँ बरू शान्त वातवरणको लागि सहयोगी बन्नेछौँ । हे प्रकृती ! हे पितृ ! मलिलो पानी पारिदिनु, बाढी पहिरोबाट हामीलाई जोगाइदिनु, हुरी बतास हटाइदिनु भनी प्रार्थना गरिन्छ । उभौली तोसीको अवसरमा यसरी गरिएको बाचालाई द्युप्च्यु खान्मु भनिन्छ । पारिबुङमा प्रयोग भएको हरियो रङ्ग उभौली र पितृ पूजकको प्रतीक हो ।

उभौलीको तोसीमा गरिएको बाचा असोज महिनाको बुङ तोसी (फुल तोसी) मा खुला गरिन्छ । यस अवसरमा, मुन्दुमी पद्यात्मक मिठो लयमा प्रकृति र पितृलाई धेरै धेरै धन्यवाद दिँदै उभौलीमा गरिएको सबै बाचाहरू फुकाइन्छ । खेतीपाती गर्न उपयुक्त वातावरण मिलाई दिएकोमा प्रकृति र पितृप्रति आभार व्यक्त गर्दै यी बालीनालीमा खेलीरहेको पूलबाट भरिलो, पोटिलो अन्न फलाई दिनु भनी प्राथना गरिन्छ । बुङ तोसीको दिन सम्पूर्ण शुभकार्यहरू फुकुवा हुन्छ अनि पूजाआजा, विवाह गर्ने बाटो खुल्छ । अल्लोको धागो कात्ने काम पनि सुरू गर्न सकिन्छ । यसरी उभौलीमा प्रकृती र पितृसँग गरिएको सबै बाचा फुकाउने तोसीलाई द्युप्च्यु होल्मु भनिन्छ । बुङ तोसीको

समयमा वर्षामासमा लगाएको बालीनाली (कोदो, धान, गेडागुडी) सबैका फूल फुल्ने याम भएको कारण द्युष्च्यु होल्मु तोसीलाई बुङ (फूल) तोसी भनिएको हो । कुनै पनि तोसीको दोस्रो दिन योव् बार्ने चलन छ । योव् भन्नाले जमिनलाई आराम दिने दिन हो । योव्को दिन बारीमा खनजोत गर्ने कार्यलाई पूर्णरूपमा बन्द गरिन्छ । यदि कसैले खनजोत गरिहाले अशुभ मानिन्छ । बुङ तोसीमा मुन्दुमी विधिद्वारा पाकेको नयाँ मकै प्रकृति र पितृलाई अर्पण गरेपश्चात् सबैले खाने प्ररम्परा रहेको छ । विशेष गरेर घरको जेठो पाकोले प्रकृति र पितृलाई नयाँ अन्नबाली नचढाई आफुले नखाने चलन अझैँ छँदैछ । बुङ तोसीको अवसरमा मुन्दुमी पद्यात्मक लयमा प्रकृति पितृलाई सम्बोधन गर्ने केही वाक्यांशहरू यसप्रकार रहेको छ :


लेकबाट ङारकुवा (करयाङकुरूङ) बेंसी तर्फ उड्यो ।<br>
हिक्लेम जु ( हुस्सु) हट्यो, रातमा सरकु (शीत) नी झर्‍यो ॥<br>
मौसम नी राम्रो दियौँ बालीनालीमा फूल नि कति राम्रो ।<br>
हे प्रकृति र पितृ ! पोटिलो अन्न फलाई देऊ बिन्ति हाम्रो ॥<br>
(खोलोमे पञ्मान राईले थुलुङ भाषामा भन्नु भएको भावको नेपालीमा रूपान्तरण)

बुङ तोसी पश्चात मंसिरे पुर्णिमामा उधौली तोसी हुन्छ । यस बेलासम्म वर्षमासमा लगाएको सबै बालीनाली घरमा थन्काइ सकेको हुन्छ । उधौली तोसीको अवसरमा यिनै नयाँ अन्न प्रकृति र पितृलाई अर्पण गरेर पछि खानाको लागि खुला हुन्छ । किरात राई समुदायमा नागी पूजामार्फत पनि नयाँ अन्न खानालाई खुल्ला गरिन्छ । यी दुवै पूजाको अवसरमा अन्नबाली फलाएर मानवीय जिवन रक्षा गरेकोमा प्रकृति र पितृलाई धन्यवाद दिदै भण्डारण गरेको अन्नको सह पनि बढाई दिनु भनि अत्यन्त मिठास मुन्दुमी लयमा कुरूवा (मुन्दुमी लयात्मक गीत) गाइन्छ । पारिबुङमा प्रयोग भएको पहैँलो रङ्ग उधौली र प्रकृति पूजकको प्रतीक हो ।

किरात दर्शनले मानवीय झगडालाई ख्लाम्या (पाप) मानेको छ । झगडाको कारण शरीरबाट रगत बगेमा मुन्दुमी विधिबाट पाप पखाल्न जान्ने धामीद्वारा तीन पटक ठुलो चिन्ता (मुन्दुमी धामी विधि) राखेर पापलाई पखाल्ने परम्परा छ । यदि पाप नपखाले परिवारमा कुयासाम्बा (पापको जरो) पलाएर दरसन्तान पिराउने, रोगी, लुलो लङगडो जन्मिने अर्थात् झगडा गर्ने दुवै तर्फको परिवारमा अभिशाप हुने मान्यता रहेको छ । झनै झगडाको कारण कुनै मानिसको मृत्यु भएमा दुवै तर्फ (मर्ने र मारिने परिवार) का दर सन्तान अपुताल हुने, दुवै तर्फको परिवारमा स्युस्यरी बाबारी (अर्धचेत हुने, मर्न र मार्न मन लाग्ने) को बिज उत्पति हुने भएकाले त्यस्ता परिवारहरूसित नयाँ नाता सम्बन्ध जोड्नु हुन्न भनि मुन्दुमले किटानी गरेको छ तसर्थ पारिबुङमा प्रयोग भएको सेतो रङ्ग शान्तिको प्रतीक हो (नोक्छो सन्त सिर राई) ।

किरात दर्शनअनुसार बिरानो गाउँबाट मूल र कुल मिल्नेहरू नाता जोड्न आएमा उनीहरूलाई आफ्नो द्युम्च्युनङ (मुन्दुमी नाम) बाट शाखा छुट्टाएर नयाँ मुन्दुमी नाम दिने परम्परा रहेको छ । कुल र मूल नमिलेका अपरिचित व्यक्ति वा परिवार गाउँको शरणमा आएमा जल, जमिन र जङ्गल उपयोग गर्न दिनु समुदायको कर्तव्य मानिएको छ यसर्थ शान्ति र सहअस्तित्व किरात मुन्दुमको मूल आधार हो । पारिबुङमा प्रयोग भएको सेतो रङ्ग शान्ति र सहअस्तित्वको प्रतीक हो ।

## पारिबुङमा प्रयोग भएका बिम्बहरूको क्रम, आकार, अर्थ र प्रयोग विधि



पारिबुङ बनाउदा माथि चित्रमा देखाइएअनुसारको रङ्ग र बिम्बहरूको क्रम मिलाएर राख्नु पर्दछ । उल्लेखित क्रममा राख्दा किरात सभ्यताको विकास र मान्यतालाई प्रस्ट पार्दछ । किरात राई मिथकअनुसार खोम्दा (शुक्र तारा/आकाश) र मियाप्मा (धर्ती) को समागमबाट समुन्द्रमा जिवको उत्पत्ति भयो । सोही जिव विकास हुँदै गएर चेत र चैतन्यले भरिपूर्ण युम्च्यो (प्राकृतिक शक्ति प्राप्त) मानव, हातमा लिङह्वल (धनुकाँड) र शिरमा सेवारीका साथ जन्मियो । यही मिथकलाई नै मानव विकासको पहिलो आधार मानेर पहेँलो पृष्ठभूमिमा सेतो धनुकाँडको बिम्बलाई पारिबुङको सुरूको क्रममा राखिएको छ ।

मानव शास्त्रीय अध्ययनअनुसार लगभग ११ हजार वर्ष पहिले मानिसहरू स्थायी रूपमा बसोबास गरी खेतीपाति गर्ने युगमा प्रवेश गरेका थिए । किरात राई मुन्दुमअनुसार खेतीपातिको सुरूआत गर्ने हाम्रा आदिम पुखाहरू ख्वाक्चिलिप (रैछाकुले, हेत्छाकुप्पा) र वायलुङमा थिए । उनै पुर्खाहरूले तीन चुलाको प्रतिस्थापन गरी आगो बालेर शिकार गरेको मासु पोले खाने, तीन चुलामाथि माटाका भाँडा तथा चेप्टो ढुङ्गा राखेर खानेकुरा पकाएर खाना सिके । त्यस पछि तीन चुलालाई पितृको बासस्थानको रूपमा पुज्न थाले । हाम्रा आदिम पुर्खाहरूले गरेको तीन चुलाको विकास किरात सभ्यताको अर्को ठुलो उपलब्धीको हो भन्ने ठहरका साथ हरियो पृष्ठभूमिमा सेतो तीनचुलाको बिम्ब पारिबुङको दोस्रो क्रममा राखिएको छ ।

यसरी हाम्रा आदिम पुर्खाहरू स्थायी रूपमा बसोबास गरेर किरात सभ्यताको विकास गर्ने क्रममा पानी पिउने उपयुक्त भाँडोको रूपमा चिन्डोलाई पाए । त्यसपछि ती आदिम पुर्खाहरू आफूले प्रयोग गरेको भाँडोलाई नै प्रकृति र पितृलाई पानी अर्पन गर्ने मुन्दुमी सामग्रीको रूपमा प्रयोग गर्न थाले । चिन्डोविनाको किरात राई सस्कार सस्कृति अपुरो हुने मान्यतालाई आधार बनाएर पहेँलो पृष्ठभूमिमा सेतो रङ्गको चिन्डोलाई पारिबुङको तेस्रो क्रममा राखिएको छ ।

हाम्रा आदिम पुर्खाहरू शिकारी युगबाट बिस्तारै व्यवस्थित समाजमा रूपान्तरित हुँदै गए पनि जन्म र मृत्यु उनीहरूको जिवनको चक्र थियो । मुन्दुमअनुसार उनीहरूले जन्मलाई सहज रूपमा स्वीकार गरे पनि मृत्युलाई अस्वभाविक मान्दथे तसर्थ यस किसिमको दुखद घट्नालाई टार्न विभिन्न प्राकृतिक शक्तिलाई गुहार माग्ने क्रममा मृत्युको बाटो छेक्ने सांस्कृतिक बिम्ब, सिमुलाम राप्मा (सिलाम साक्मा) को विकास गरे । हरियो पृष्ठभूमिमा सेतो सिमुलाम राप्माको बिम्बलाई पारिबुङको चौथो क्रममा राखिएको छ । मिथकअनुसार मानव समुदायले धातु पत्ता लगाउनु अगाडि जङ्गली राँगो (अर्ना) को सिङलाई प्रकृति र पितृको सम्मान बजाउँथे । यही अर्नाको सिङ बजाएर समुदायमा

विशेष सूचना पनि प्रवाह गर्दथे । अर्नाको सिङलाई सास्कृतिक बाजाको रूपमा उधौली उभौली तोसीमा बजाउने परम्परा विद्यमान छ तर मानव समुदायले धातु पत्ता लगाएपश्चात् हाम्रा पुर्खाहरूले अन्य आधुनिक बाजाहरू जस्तै ढोल, सुलिम, झ्याम्टाहरूको विकास गर्न सके । ती बाजाहरू तोसीको अवसरमा प्रकृति र पितृको सम्मानमा बजाउने चलन छँदैछ । पुर्खाहरूले विकास गरेका ढोल र झ्याम्टाको बिम्बहरू पहैँलो र हरियो पृष्ठभूमिमा पारिबुङको पाँचौ र छैटौ क्रममा राखिएको छ ।

पारिबुङ प्रयोग गर्ने स्थान र वातवरणअनुसार फरक फरक साइजमा बनाउन सकिन्छ तर माथी उल्लेख गरिए झैँ पारिबुङको रङ्ग र क्रम मिलाएर यसलाई वर्गाकार बनाउनु पर्दछ । किरात मुन्दुमअनुसार तीन चुला राख्ने स्थानलाई पवित्र मानिन्छ र तीन चुला राख्ने स्थान वर्गाकार हुन्छ तसर्थ पारिबुङलाई पवित्र बनाउन तीन चुलाको आकारमा बनाउनु पर्दछ । आफूले आयोजना गरेको कार्यक्रम सुरक्षित एवम् भव्य रूपमा सफल होस् भन्ने मनोकामनाका साथ कार्यक्रम स्थलमा पारिबुङ टाँग्ने चलन विगत केही वर्षदेखि सुरू भएको छ । सयौँ वर्षदेखि विभिन्न देश, धार्मिक सम्प्रदाय, सङ्घ सस्था वा समुदायहरूले आआफ्नै चिनारीको लागि विभिन्न किसिमको पारिबुङ (झन्डा, ध्वज वा लुङता ) को प्रयोग गरिरहेको परिप्रेक्ष्यमा किरात समुदायले पनि आफ्नो पहिचान संरक्षणको लागि पारिबुङलाई तोसिखोम (साकेलाथान) शुभ कार्यहरू, पाटी, पौवा, भन्ज्याङ, घरको ढोकामाथि, मोटसाइकलको अगाडि दुवैतर्फको ऐना, देउरालीमा पारिबुङलाई टाँग्ने चलन सुरू भएको हो । यसो गरिएमा जिवन र जगत्मा सकारात्मक ऊर्जा प्रवाह हुने छ ।

पारिबुङलाई पूर्ण सेटमा प्रयोग गर्दा फलदायी हुने छ । उदारणको रूपमा माथी राखिएको ३ वटा रङ्गमा ६ वटा सास्कृति बिम्ब भएको पारिबुङको एक पूर्ण सेट हुन्छ तसर्थ ६, १२, १८, २४, ३०, ३६ पिसको नम्बरलाई पूर्ण सेट भनिएको हो । पारिबुङलाई प्रयोग गर्दा जसरी विभिन्न धार्मिक समुदायका झन्डाहरू, विश्वका सार्वभौम राष्ट्रका राष्ट्रिय झन्डाहरू तथा विभिन्न सङ्घ संस्थाका झन्डाहरूलाई पवित्र मानिन्छ, त्यस्तै गरी किरात दर्शनमा आधारित पारिबुङलाई पनि पवित्र मानिन्छ । तसर्थ परिबुङलाई होशियारीपूर्वक टाँग्ने वा उठाउने कार्य गर्नु पर्दछ । पारिबुङलाई खुट्टाले टेक्ने, नाघ्ने गर्नु हुन्न । प्रयोगपश्चात् पारिबुङलाई फोहर वा माटोमा फ्याँक्दा जुन उदेश्यले प्रयोग गरेका थियौँ, त्यो उद्देश्य पूरा हुँदैन भन्ने मान्यता विकास गरिएको छ । यसर्थ पारिबुङको महत्त्वलाई बुझेर यसको प्रयोग गरिएमा फलदायी हुने छ ।

## छलफल तथा विमर्श

सार्वभौमसत्ता सम्पन्न देश, धार्मिक समुदाय, सङ्घ संस्थाहरूको आआफ्नै पहिचानसहित पारिबुङ/झन्डा छन । सन १९४६ मा Donal Mc Lauphlin ले संयुक्त राष्ट्र सङ्घको झन्डा डिजाइन गरेका थिए । संयुक्त राष्ट्र सङ्घको झन्डाले वि श्वमा एकता र शान्तिको सन्देश प्रभाव गरिरहेको छ । जर्मनीको अत्यन्त चर्चित राजनीतिज्ञ Adolf Hitler ले सन १९२० मा रातो पृष्टभूमिको बिच भागमा सेतो गोलाकार माथि कालो रङ्गको स्वास्तिक चिन्ह भएको राजनीतिक दल नाजीको पारिबुङ बनाएका थिए । Adolf Hitler ले यस किसिमको विशेष झन्डा बनाए पछि राष्ट्रियता, जातिवाद एकताको अभियान चलाउन सफल भएको मानिन्छ । पारिबुङ प्रयोगबाट कति धेरै शक्ति आर्जन हुन्छ ? भन्ने विषय त दोस्रो विश्व युद्धको इतिहासबाट थाहा पाउन सकिन्छ ।

विश्वमा प्रतिपादित राजनीतिक दर्शन, व्यापारिक प्रतिष्ठानको आआफ्नै किसिमको पारिबुङ बनाएर उनीहरूको अस्तित्व, इतिहास र पहिचानलाई गर्वकासाथ बचाइरहेका छन ।  महायान बुद्धिष्ट समुदायले पाँच रङ्को पारिबुङ प्रयोग गरेका गर्दछन् । उल्लेखित ५ रङ्गमध्ये पहँलो रङ्गको अर्थ भूमि, हरियो रङ्गको अर्थ पानी, रातो रङ्गको अर्थ आगो, सेतो रङ्गको अर्थ वायु र निलो रङ्गको अर्थ खुला आकाश हुन्छ अर्थात् उल्लेखित पाँच रङ्ग पञ्चतत्वका प्रतीक हुन् । हिन्दु र बुद्धिष्ट दर्शनअनुसार पञ्चतत्व प्राणी र वनस्पति जगत्को आधार हो तर किरात दर्शनअनुसार जीव र वनस्पतिको अस्तित्वको लागि षष्ठी तत्व अपरिहार्य रहन्छ । पारिबुङ षष्ठी तत्वको प्रतीक पनि हो । किरात दर्शनले पञ्चतत्वलाई प्रकृतिको रूपमा र थप तत्वलाई पितृको रूपमा पुज्ने गर्दछन् ।

इसाई धर्मका प्रवर्तक यशु ख्रिस्टको सम्मानमा इसाई धर्मालम्बीहरूले क्रस चिन्ह भएको झन्डा गर्वका साथ प्रयोग गर्दछन् । क्रस चिन्ह भएको झन्डाबाट यशु ख्रिस्टमाथि यहुदीहरू कति निर्मम थिए भन्ने विषयको अनुमान लगाउन सक्दछौँ । हिन्दु धर्मालम्बीहरूले त्रिकोणात्मक पारिबुङ (झन्डा) बनाई त्रिदेव, त्रिकाल, त्रिलोकको प्रतीकको रूपमा प्रयोग गर्दछन् ।

पारिबुङमार्फत नै राजनीतिक दलहरूको दर्शन र सिद्धान्त के हो ? भन्ने अनुमान लगाउन सकिन्छ । त्यसै गरी पारिबुङ कै आधारमा विश्वका देशहरूले कुन राजनीतिक व्यवस्था अङ्गीकार गरेका छन् भनी अन्दाज गर्न सक्दछौँ जस्तो पाकिस्तानको राष्ट्रिय झन्डाबाट पाकिस्तान स्लामिक देश, नेपालको राष्ट्रिय झन्डाबाट नेपाल एकल हिन्दु राज्य सत्ताको ठुलो प्रभाव भएको देश र भुटानको राष्ट्रिय झन्डाबाट भुटान एक बुद्धिष्ट राज्य हो भनेर बुझ्न सक्दछौँ । मानव सभ्यता, राजनीति र धार्मिक दर्शन बुझ्न पारिबुङ एक बलियो प्रमाण रहेको यथार्थलाई नियाल्दा किरात सभ्यता र पहिचान संरक्षणको सन्दर्भमा पारिबुङको प्रयोग अति सान्दर्भिक छ । पारिबुङको डिजाइनिङ किरात राई प्राज्ञ सुरज राईले गर्नु भएको छ र पारिबुङको महत्त्वलाई प्रचार प्रसार गर्ने अभियान थुलुङ राई संस्कृति प्रतिष्ठानको नेतृत्वमा भइरहेको छ ।

## निष्कर्ष

किरात समुदायको सांस्कृतिक सार्वभौमिक र पहिचान स्थापित गर्न विवाह, तोसी, वनभोज, विभिन्न सांस्कृतिक कार्यक्रम स्थलहरूमा पारिबुङ टाँग्नु पर्दछ । यसो गरिएमा जोरीपारीको मनोबल घट्ने, आध्यात्मिक सद्भावना बढ्न गई आयोजित कार्यक्रम सफल्तापूर्वक सम्पन्न हुनेछ । पारिबुङ रङ्गीबिरङ्गी कपडाको टुक्रामात्र नभएर यसले भक्ति, योग, दर्शन तथा इतिहासलाई जीवित राख्दछ । पारिबुङ टाँग्दा यसमा भएको दार्शनिक सन्देशलाई वायुमार्फत विश्व माझ फैलिन्छ भन्ने मान्यता रहेको छ । यसर्थ कार्यक्रम स्थलमा पारिबुङ टाँगौँ ! पितृ र प्रकृतिको आशीर्वाद लिऔँ !! कार्यक्रम स्थलको शोभा बढाऔँ !!! किराती पहिचानलाई जीवित राखौँ ...

## सन्दर्भ सामग्रीसूची

राई, पाँचवीर र अन्य (२०६७). *थुलु-नेपाली-लेम्ल्वाखाजेम.* थुलुङ राई सामा ।

राई, तारामणि (२०७६). थुलुङ. योगेन्द्र यादव र कर्णाखर खतिवडा (सं.), मातृभाषाको रूपरेखा. नेपाल प्रज्ञा प्रतिष्ठान ।

मुकारूङ राई, दिलेन्द्र (२०८०). किरात राई सुप्तुलुङ र मुन्दुमी जिवन दर्शन. *किरात प्रज्ञा, ३(१)* ।

राई, सुकराज; खम्बु राई, खुक्सङ र थुलुङ राई, जसिहव (२०७७). *थुलुङ मुन्दुम.* बम थुलुङ स्मृति फाउन्डेसन ।

Sharma, S. (2014). *A multidisciplinary bi-annual e-journal.* Sopan.

Rana, R. L. P. (2019). Symbolism behind art and colour denoted on the buddhist prayer flags. *A Journal on Arts and Art Education*. https://www.onindianpath.com/dhwaja-in-hinduism/

## स्रोतव्यक्ति

सुरज राई, (२०४३ -०२ -२१) सिक्किम, भारत (२०७१-२०८० सम्म विभिन्न समयमा गरेको सामूहिक छलफल)

खुक्सङ खम्बु राई (२०३८-०७-२५) खोटाङ जिल्ला, ऐसेलुखर्क गाउँपालिका - ५ रिब्दुङ (२०७१-२०८० सम्म विभिन्न समयमा गरेको सामूहिक छलफल)

मदन राई (२०४६-०९-०७) सोलुखुम्बु जिल्ला, थुलुङ दुधकोसी गाउँपालिका-४ जुबु (२०७१-२०८० सम्म विभिन्न समयमा गरेको सामूहिक छलफल)

बिनेश राई (२०४३-०७-०३) सोलुखुम्बु जिल्ला, थुलुङ दुधकोसी गाउँपालिका - ९ लोखिम (२०७१-२०८० सम्म विभिन्न समयमा गरेको सामूहिक छलफल)

तिलक चाम्लिङ राई (२०३७-०७-०५) खोटाङ जिल्ला, हलेसी तुवाचुङ नगरपालिका - ५ (२०७१-२०८० सम्म विभिन्न समयमा गरेको सामूहिक छलफल)

चन्द्रकला राई (वर्ष ४८) सोलुखुम्बु जिल्ला, थुलुङ दुधकोसी गाउँपालिका - ६ मुलिदेल (२०७१-२०८० सम्म विभिन्न समयमा गरेको सामूहिक छलफल)

सव कुमार राई (२०२४-०६-०८) सोलुखुम्बु जिल्ला, थुलुङ दुधकोसी गाउँपालिका - ९ लोखिम (२०७१-२०८० सम्म विभिन्न समयमा गरेको सामूहिक छलफल)

सन्त सिर राई (२००१) सोलुखुम्बु जिल्ला, थुलुङ दुधकोसी गाउँपालिका - ९ लोखिम (२०७१-२०८० सम्म विभिन्न समयमा गरेको सामूहिक छलफल)

मदन राई (२०४१-१२-२०) थुलुङ दुधकोसी गाउँपालिका - ९ लोखिम (२०७१-२०८० सम्म विभिन्न समयमा गरेको सामूहिक छलफल)

पञ्चमान राई (२०२३-०६-०४) थुलुङ दुधकोसी गाउँपालिका - ९ लोखिम (२०७१-२०८० सम्म विभिन्न समयमा गरेको सामूहिक छलफल)

भिम बहादुर राई (२०२२-०६-२९) थुलुङ दुधकोसी गाउँपालिका - ३ पन्चन (२०७१-२०८० सम्म विभिन्न समयमा गरेको सामूहिक छलफल)